# सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## दशौ वार्षिक साधारण सभाको
## काम कारवाहीको विवरण
## (माइन्यूट)

**१.वैधानिक सभा**

कम्पनी ऐन २०६३ र बैंकको नियमावली बमोजिम बैंकको दशौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष डा.शंकर प्रसाद शर्माज्यूको सभापतित्वमा तल उल्लेखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल तथा देहाय बमोजिम निर्णय भयो ।

**२. सभाको सूचना**

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम बैंकको दशौं वार्षिक साधारण सभाको सूचना मिति २०७३/०५/२६ गते कान्तिपुर टेलिभिजन, र कान्तिपुर एफ. एम मार्फत प्रसारण गरी जानकारी गराईएको र सोही दिन बैंकको वेवसाईट www.ctznbank.com मा समेत प्रकाशित गरिएको थियो । साथै, मिति २०७३/०५/२७ गते कारोवार राष्ट्रिय दैनिक र मिति २०७३/०५/२८ गते अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयको सूचनाको अतिरिक्त संक्षिप्त वार्षिक आर्थिक विवरण समेत शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रकाशित गरिएको थियो ।

**सभा हुने मिति, स्थान र समय**

**मिति :-** २०७३ साल आश्विन १६ गते (अक्टोबर २, २०१६), आइतबार
**स्थानः-** थापागाउं ब्याङक्वेट, थापागाउं, नयांवानेश्वर, काठमाण्डौं ।
**समय :-** विहानः ११:०० बजे

**३. छलफलका विषयहरु :**

**(क) साधारण प्रस्तावहरु**

१. आ.व. २०७२/७३ को संचालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी स्वीकृत गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदनसहित २०७३ आषाढ मसान्तको वासलात र मिति २०७२/०४/०१ देखि २०७३/०३/३१ सम्मको नाफा नोक्सानीको हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरी स्वीकृत गर्ने ।

३. यस बैंकको सहायक कम्पनी सिविआईएल क्यापिटल लि. को आ.व. २०७२/०७३ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण छलफल गरी स्वीकृत गर्ने ।

४. संचालक समितिबाट प्रस्ताव गरे अनुसार कर तिर्ने प्रयोजनको लागि रु.३,९५,०९,२५१।- बराबरको रकम नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।

५. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७३/७४ को लागि लेखा परीक्षण समितिको सिफारिसमा लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्तिका साथै निजको पारिश्रमिक निर्धारण गर्ने ।

६. बैंकको नियमावली अनुसार समूह "क" का संस्थापक शेयरधनीहरुको तर्फवाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद एकको निर्वाचन गर्ने ।

**(ख) विषेश प्रस्तावहरु**

१. संचालक समितिबाट प्रस्ताव गरे अनुसार रु.७५,०६,७५,७६२।- बरावरको वोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने तथा वोनस शेयर वितरण पछि नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम पुँजी वृद्धि गर्नको लागी शेयरधनीहरुको नाममा कायम रहेको साधारण शेयर संख्याको १०:२.५ को अनुपातमा हकप्रद शेयर जारी गर्ने र सो कार्य गर्नको लागी आवश्यक पर्ने सम्पूर्ण काम कारवाही गर्नको लागी संचालक समितिलाई अख्तियार प्रदान गर्ने । यसरी १०:२.५ को अनुपातवाट हकप्रद आधार हिसाव गर्दा खण्डीकृत भएमा त्यसलाई १ अंक मानि हकप्रद शेयर संख्या गणना गर्ने ।

२. बैंकको नवौं बार्षिक साधारण सभावाट विद्यमान शेयरधनीहरुलाई २० प्रतिशत वोनस वितरण गर्ने तथा प्रिमियर फिनान्स लि.लाई प्राप्ती पश्चात कायम हुने चुक्ता पुँजीमा नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम पुँजी वृद्धि गर्नको लागी शेयरधनीको नाममा कायम रहेको साधारण शेयर संख्या १०:५.५ को अनुपातमा हकप्रद शेयर जारी गर्ने निर्णय भएकोमा २०७३ साल बैंशाखको अन्तसम्ममा पनि नेपाल राष्ट्र बैंकवाट अन्तिम स्वीकृति प्राप्त भै नसकेको परिस्थितिमा बैंकको पुँजी योजना वमोजिम पुँजी बृद्धि गर्नको लागी वाध्यात्मक अवस्था परेकोमा बैंकको शेयरधनीहरुलाई १०:५.५ को अनुपातमा हकप्रद शेयर जारी गर्ने र प्रिमियर फिनान्स लिमिटेडका शेयरधनीको हकमा नेपाल राष्ट्र बैंकवाट स्वीकृति प्राप्त हुँदाका बखत कुनै निर्देशन प्राप्त भएमा सो बमोजिम गर्ने भनी यस बैंकको शेयरधनीहरुलाई २० प्रतिशत वोनस वितरण पश्चात कायम भएको शेयर पुँजी रु.३,०६,५२,३३,८००।- मा १०:५.५ को अनुपातमा हकप्रद शेयर जारी गर्ने गरी नेपाल धितोपत्र वोर्डवाट स्वीकृतिको लागि लेखि पठाउन संचालक समितिवाट निर्णय गरिएकोमा उक्त निर्णयलाई पारित गर्ने ।

३. बैकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने ।

(क) बैकको उद्देश्य प्राप्त गर्न गरिने कामहरु थप गर्ने सम्वन्धमा ।

(ख) बैंकको जारी तथा चुक्ता पुंजी वृद्धि गर्ने सम्वन्धमा ।

(ग) शेयर खरिद वा हस्तान्तरण गर्ने वन्देज सम्वन्धमा ।

(घ) संचालक समितिमा समूहगत प्रतिनिधित्वका सम्वन्धमा ।

(ङ) संचालकहरु र कार्यकारी प्रमुखको कार्यकाल सम्वन्धमा ।

४. बैकको प्रवन्धपत्र तथा नियमावली संशोधन गर्न अनुमति लिनुपर्ने निकायहरूबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघटलगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(ग) **विविध**

४. उपस्थिति

**४.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु**

| क.सं. | नाम,थर | पद |
|---|---|---|
| १ | डा. शंकर प्रसाद शर्मा | अध्यक्ष |
| २ | श्री बालकृष्ण प्रसाई | सञ्चालक |
| ३ | श्री मनोहर दास मुल | सञ्चालक |
| ४ | श्री प्रकाश चन्द्र मैनाली | सञ्चालक |
| ५ | श्री पवित्र कुमार कार्की | सञ्चालक |
| ६ | श्री विजय ध्वज कार्की | सञ्चालक |
| ७ | डा. चन्दा कार्की | सञ्चालक (अनुपस्थित) |
| ८ | श्री चन्द्र टण्डन | सञ्चालक |

**४.२ उपस्थित अन्य पदाधिकारी :**

| क.सं. | नाम, थर | पद |
|---|---|---|
| १ | श्री राजन सिंह भण्डारी | प्रमुख कार्यकारी अधिकृत |
| २ | श्री गणेश राज पोखरेल | कम्पनी सचिव |

**४.३ शेयरधनीहरुको उपस्थिति :**

| क.सं. | विवरण | संख्या |
|---|---|---|
| १ | स्वयम् उपस्थित हुने शेयरधनीको संख्या : | १०९२ |
| २ | प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयर धनी संख्या : | १६१ |
| | **जम्मा** | १२५३ |

५. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)

| विवरण | कूल संख्या | जम्मा उपस्थिति | कूल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या | ८९,५८५ | १,२५३ | ५३.७७ प्रतिशत |
| समूह "क" समूह | ४०६ | ९८ | ४४.२७ प्रतिशत |
| सर्वसाधारण समूह "ख" समूह | ८८,७५० | १,१३९ | १.१० प्रतिशत |
| सर्वसाधारण समूह "ख१" समूह | ४२९ | १६ | ८.४० प्रतिशत |
| शेयरधनीहरुले ग्रहण गरेको कुल शेयर कित्ता | ४,७५,११,१२४ | | १००.०० प्रतिशत |

## ६. सभाको वैधानिकता र सभाको सभापतित्व

६.१ कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम बैंकको दशौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या १०९२ भएको र प्रोक्सी मार्फत १६१ गरि कुल शेयरको ५३.७७ प्रतिशत प्रतिनिधित्व भएको हुंदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

६.२ बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्षज्यूले गर्ने कुरा कम्पनी सचिवले जानकारी गराउँदै विहान ११:०० बजे अध्यक्ष डा.शंकर प्रसाद शर्माज्यूको सभापतित्वमा बैंकको दशौं वार्षिक साधारण सभा शुरु गर्न अनुरोध गर्नुभयो ।

६.३ सभाका सभापतिले सभा सञ्चालन गर्नु पूर्व उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्नुभयो र सभाको कार्य अगाडि बढाउनु भयो ।

## ७. वार्षिक साधारण सभाको प्रस्तुती :

७.१. सभाका सभापतिज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्व निर्धारित छलफलको विषयसूची अनुसार आर्थिक वर्ष २०७२/७३ को सञ्चालक समितिको प्रतिवेदन सभामा पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नुभयो ।

७.२. तत्पश्चात् सभापतिज्यूले सभा समक्ष लेखा परीक्षकको प्रतिवेदन सहितको २०७३ आषाढ मसान्तको वासलात, २०७२/०४/०१ देखि २०७३/०३/३१ सम्मको नाफा नोक्सान हिसाव, नाफा नोक्सान बाँडफाँड हिसाव र नगद प्रवाह विवरण लगायतका सम्पूर्ण वित्तीय विवरणहरु छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नुभयो ।

७.३ त्यसैगरी सभापतिज्यूले सभा समक्ष बैंकको सहायक कम्पनी सिविआईएल क्यापिटल लिमिटेडको आर्थिक वर्ष २०७२/७३ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरणहरु छलफलको निमित्त प्रस्तुत गर्नु भयो ।

## ८. छलफलको लागि आह्वाान र सहभागी शेयरधनी महानुभावहरु :

८.१ बैंकको आ.व. २०७२/७३ को वार्षिक प्रतिवेदन, २०७३ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७२/७३ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन सभापतिज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात् देहायका शेयरधनीहरुले छलफलको क्रममा प्रत्यक्ष रुपले सहभागी हुँदै देहाय अनुसार आ-आफ्नो जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

८.२ छलफलमा सहभागी भई मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नामावली

१. श्री सुधिर बाबु खत्री
२. श्री व्यास कुमार शर्मा
३. श्री अमृतनाथ रेग्मी
४. श्री विनय कुमार शर्मा
५. श्री मेजर कुबेर श्रेष्ठ
६. श्री राजु श्रेष्ठ
७. श्री डमरु बल्लभ घिमिरे
८. श्री राजेश शाक्य
९. श्री कृष्ण काश्यप
१०. श्री चन्द्र नारायण श्रेष्ठ
११. श्री उद्धव घिमिरे
१२. श्री रोज कुमार श्रेष्ठ
१३. श्री महेन्द्र वहादुर श्रेष्ठ
१४. श्री रामगोपाल महर्जन
१५. श्री इन्द्रकृष्ण श्रेष्ठ

## ९. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुले सामूहिक रुपमा व्यक्त गर्नुभएका सराहना, जिज्ञासा, सुझाव तथा मन्तव्य

आ-आफ्नो मन्तव्य प्रकट गर्ने क्रममा वक्ता शेयरधनीहरुले सर्वप्रथम बैंकका अध्यक्ष, संचालक र उच्च व्यवस्थापन लगायतलाई धन्यवाद दिनुका साथै बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो । बैंकको संचालक समितिद्धारा प्रस्तुत गरिएको वार्षिक प्रतिवेदन माथि टिप्पणी गर्दै बैंकबाट भए गरिएका कार्यहरुको मुल्याङ्कन गरि राम्रा कामको मुक्तकण्ठले प्रशंसा गर्दै देखिएका कमी कमजोरीहरु आगामी दिनहरुमा दोहोरिन नदिन र क्रमश: सुधार गर्दै लैजान सुझावहरु दिनु भयो । साथै, बैंकिंग व्यवसायको नयाँ क्षेत्र पहिचान गरि उक्त क्षेत्रमा सेवा विस्तार गरी बैंकिङ्ग व्यवसाय थप प्रतिस्पर्धि बनाई प्रभावकारी रुपमा अगाडी बढाउदै लैजानु पर्ने कुरामा जोड दिनुभयो । साथै अधिकांश वक्ताहरुले आफ्नो मन्तव्य दिने क्रममा सञ्चालक तथा कार्यकारी प्रमुखको कार्यकाल तोक्ने विषयमा बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनमा संसोधन र एकीकरण गर्न बनेको विधेयक संसदबाट पारित भई लागु भएपछि सोही बमोजिम गर्न उपयुक्त हुने सुझाव समेत दिनु भएको थियो ।

## १०.छलपलमा सहभागी हुनेहरुको आ-आफ्नो विचार प्रस्तुतीकरण

छलफलको क्रममा शेयरधनी वक्ताहरुले व्यक्त गर्नु भएको मन्तव्यलाई तल प्रस्तुत गरिएको छ ।

### १. श्री सुधिर बाबु खत्री

अध्यक्षज्यू , संचालक समिति तथा अन्य उपस्थित साथी भाईहरुलाई स्वागत गर्दै साधारण सभामा संस्थापक शेयर धनिको नाताले बोल्न पाउनु भएकोमा खुसी लागेको कुरो व्यक्त गर्नुभयो । बैंकले प्रत्यक वर्ष बडादशैं अगाडि नै साधारण सभा गर्दै आएकोमा सोको निरन्तरता स्वरुप यस वर्षपनि बडादशैं अगाडि सभा सम्पन्न गरेकोमा धन्यवाद ज्ञापन गर्नु भयो र यसले बैंकको Credibility र Image Enhance हुने कुरा व्यक्त गर्नुभयो । उहाँले बैंकका कर्मचारीहरुलाई खुशी राख्नुपर्ने बताउनु भयो जसले गर्दा बैंकका ग्ग्राहक खुशी रहन्छन् र बैंकको नाफामा सकारात्मक प्रभाव पर्न गई शेयरधनीहरुलाई उच्च प्रतिफल दिन सकिने कुरा व्यक्त गर्नुभयो । आगामी आर्थिक वर्षमा बैंकले चुक्ता पुँजी रु. आठ अर्ब पुऱ्याई कुन दिशामा हिड्ने भनि बैंकको व्यवस्थापन र संचालक समितिले रणनितिक योजना बनाउनु पर्ने बताउनुभयो र पुँजी वृद्धि संगै प्रतिफल पनि वृद्धि गर्दै लैजानु पर्ने कुरामा जोड दिनुभयो । बैंकले Longterm Sustainable Strategy for Dividend बनाउनु पर्ने भन्दै शेयरमुल्यमा भर नपर्न आग्रह गर्नुभयो । यस वर्षको मुनाफाबाट दिइएको बोनश शेयर र नगद लाभंशको प्रतिशत नखुलाइएको हुनाले सम्पूर्ण शेयरधनीहरुमा Confusion रहेको र सो कुरा अध्यक्षज्यूले प्रस्ट परिदिनुहुन आग्रह गर्नुभयो । साथै विशेष प्रस्ताव अर्न्तगत संचालक र कार्यकारी प्रमुखको कार्यकाल तोक्ने सम्बन्धमा संसदमा विचाराधीन बैंक तथा वित्तिय संस्था सम्बन्धी कानूनमा व्यवस्था भए अनुरुप गराउन सुझाव दिनुभयो । बैंकका आर्थिक परिसूचकहरु सन्तोषजनक रहेकोमा खुशी व्यक्त गर्दै आफ्नो मन्तव्य टुङ्गयाउनु भयो ।

### २. श्री व्यास कुमार शर्मा

श्री शर्माले आफ्नो मन्तव्यमा सबैलाई हार्दिक धन्यवाद तथा शुभकामना व्यक्त गर्नुभयो । बैंकको स्थापना काल देखि नै लाभांश बाड्दै आएको र एक दशक पुरा भईसकेको समयमा समेत लाभांशमा निरन्तरता दिदैं आएको कुराको सरहना गर्नुका साथै भबिष्यमा समेत नाफा वितरण गर्ने अपेक्षा राख्नु भयो । बैंकको वार्षिक विवरण मात्रै हरियो रंगको नभएर सम्पूर्ण सुचाङ्कहरु हरियै रहेको अर्थात सकरात्मक रहेको जिकिर गर्नुभयो । बैंकले आ.व २०७२/७३ मा १४.५ अर्बले वासलातको अङ्कमा गरेको वृद्धि, नाफा नोक्सान हिसाबमा गरेको प्रगती र बैंकले कमाएको एक अर्व भन्दा बढी मुनाफाका कारण बैंक एक अर्बको समूहमा पर्न गएकोमा बधाई ज्ञापन गर्नुभयो । उहाँले स्थापनाको छोटो समयमा नै एक करोड नाफा कमाउन सफल भएकोमा सिविआईएल क्यापिटल लिमिटेडका प्रमुख कार्यकारी अधिकृतलाई धन्यवाद दिदैं आगामी दिनमा नयाँ नाँफामुलक योजनाहरु कर्यान्वयनमा ल्याउन र धेरै प्रतिफल दिने कुरामा विश्वस्त रहेको सभा समक्ष जाहेर गर्नुभयो ।

### ३.श्री अमृतनाथ रेग्मी

श्री रेग्मीले आफ्नो मन्तव्यमा सर्वप्रथम बैंकका अध्यक्षज्यूको vision स्पष्ट नआएकोमा गुनासो व्यक्त गर्दै आगामी पाँच वर्षको बैंकको रणनीति तय गर्न अनुरोध गनु भयो । बैंकको नाँफा अरव नाघेकोमा खुशी व्यक्त गर्दै यसलाई दोब्बर बनाउने रणनीति तयार गर्न समेत सुझाव गर्नु भयो । चुक्ता पुँजी ८ अरव पुऱ्याउँदा अधिकृत पुँजी १५ देखि १६ अरव पुऱ्याउनु पर्ने, साधारण जगेडाकोष आवश्यकता भन्दा कम भएको अवस्था रहेकोले सो लाई यथोचित बढाउन नीतिगत प्रयास गर्नु पर्ने, अन्य आम्दानीको अनुपात बढाउनु पर्ने, विदेशी मुद्रा निक्षेप बढाउनु पर्ने, रियल स्टेट कर्जाको मात्रा कम गर्दै लैजानु पर्ने, सञ्चालन खर्चको अनुपात कम गर्दै लैजानु पर्ने, आधार दर

कम गर्नुपर्ने तथा प्रति शेयर आम्दानी बढाउन आवश्यक कदम चाल्न सुझाव दिनुभयो । त्यसैगरी लगानी मात्र बृद्धि नगरी नाँफामा रहेका संस्थालाई प्राप्ती वा मर्जर गरी तथा खुद ब्याज आम्दानी बढाएर समग्र संस्थाको मुनाफा बढाउन सुझाव दिनुभयो । बैंकको हाल आवधिक कर्जाको अवस्था राम्रो रहेको, Loan Loss provision कम गरी नाँफा बृद्धि गरेको सकारात्मक देखिएको, सम्पत्तिमा प्रतिफल राम्रो रहेकोमा खुशी ब्यक्त गर्नुको साथै विदेशी मुद्रा निक्षेप बढाउन अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुसंग समन्वय गरी अगाडि बढन सुझाव दिनुभयो । Single Obligor limit मा बृद्धि हुदै गएकोले ठुला परियोजनामा लागानी बढाउदै लैजाने र परियोजना सञ्चालनमा आउनु पूर्व प्राप्त हुने लगानीको ब्याजलाई पुँजीकृत गर्दै लैजान सुझाव दिनु भयो । संचालक र प्रमुख कार्यकारी अधिकृतको कार्यकालको सम्बन्धमा हाल संसदमा विचराधिन तथा छलफलमा रहेको बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनमा हुने ब्यवस्था अनुरुप नै निजहरुको कार्यकाल तोक्ने व्यवस्था समयानुकुल हुने बिचार ब्यक्त गर्नु भयो । Disaster Management को लागि स्थानिय स्तरमा मात्र नभई अन्तराष्ट्रिय स्तरमा पनि सर्भर राख्ने, Finacle software का लागि आवश्यक Storage को व्यवस्थाको साथै Data migration का लागि पर्याप्त ध्यान पुऱ्याउने तर्फ समेत जोड दिनु भयो । अन्तमा यसैवर्ष बैंक आफ्नो भवनमा कारोवार सञ्चालन गर्न सक्षम होस भनि शुभकामना समेत ब्यक्त गर्नु भयो ।

### ४.श्री विनय कुमार शर्मा

सभामा उपस्थित अध्यक्ष ,संचलाक समितिका सदस्य तथा सम्पूर्ण शेयरधनीहरुलाई अविवादन तथा बडा दशैंको शुभकामना व्यक्त गर्दै श्री शर्माले बैंकले सधारण सभामा गरेको कुनै पनि निर्णयले दुर्गामी असर पार्ने कुरामा जोड दिनुभयो । वार्षिक विवरणमा दुई वर्षको मात्रै तथ्याङ्क हुने भएकाले विगतका दिनहरुको स्मरण गर्दै बैंक स्थापनाको वर्ष देखि नै गतिशील रहेको कुरा प्रष्ट पार्दै बैंकको शेयरधनी हुन पाएकोमा खुसी व्यक्त गर्नुभयो । हकप्रद शेयर भन्दा वोनश शेयर जोड दिई बैंकले ८ अर्ब चुक्ता पूँजी पऱ्याउने तर्फ अग्रशर हुनु भनेको यसको Beauty रहेको कुरा वताउनु भयो । बैंकले अपेक्षित विकास गरेको, उत्कृष्ट सेवा प्रदान गर्दै आएको र आफु सँगै स्थापना भएका बैंकहरुलाई पछाडी छाडेर अगाडी बढेको कुरा सभा समक्ष वताउनुभयो । सम्पूर्ण कर्मचारी, अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतलाई धन्यवाद दिदैं उहाँले अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतको कार्यकालको सम्बन्धमा बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनमा हुने व्यवस्था अनुरुप नै गर्न सुझाव दिनुभयो ।

### ५. श्री मेजर कुबेर श्रेष्ठ

वक्ता श्री मेजर कुबेर श्रेष्ठले उल्लेख्यरुपमा शेयरधनीहरुको सहभागिता रहेको हुनाले बैंकलाई धन्यवाद ज्ञापन गर्नुभयो । यस बैंकले एक दशक भित्र कमाएको रु. १०८ करोडको नाँफालाई उत्कृष्ट ठहराई बैकले बैंकिङ्ग इतिहासमा नै छाप छोड्न सक्ने बताउनुभयो र आगामी वर्षहरुमा पनि हालको जस्तै वोनश शेयर वितरण गर्नुहुन अनुरोध गर्नुभयो । बैंकले आफ्नो वार्षिक प्रतिवेदनमा प्रमुख कार्यकारी अधिकृतले पाउनु भएको तलब र भत्ताको रकम साथसाथै उहाँले तिर्नुभएको करको रकम पनि उल्लेख गरी पारदर्शिता प्रस्तुत गर्नु भएकोमा प्रमुख कार्यकारी अधिकृतलाई धन्यवाद ज्ञापन गर्नुभयो । बैंकको Loan loss recovery राम्रो रहेको जनाई आगामी वर्षहरुमा पनि Recovery यसै अनुरुप कायम गर्दै लैजानु पर्ने बताउनुभयो । विश्व-व्यापी रुपमा संस्थागत सामाजीक उत्तरदायित्वलाई खुद नाँफाको १ प्रतिशत सम्म खर्च गर्ने प्रचलन रहेको बताउँदै उहाँले यस बैंकले पनि संस्थागत सामाजीक उत्तरदायित्वमा सोहि अनुरुप बजेट निर्धारण गर्नुपर्ने र निशुल्क स्वास्थ्य शिविरको आयोजना गर्नुपर्ने बताउनुभयो । बैंकले सक्षम परियोजना अर्न्तगत दोलखामा शाखा रहित बैंकिङ्ग शुरु गरेकोमा आफु रामेछापको बासिन्दा भएकोले रामेछापमा पनि शाखा रहित बैंकिङ्ग अथवा शाखा खोल्न अनुरोध गर्नुभयो । यस बैंक Best Presented Award बाट सम्मानित भएको हुदाँ सम्पूर्ण शेयरधनिहरुको लागी गर्वको कुरा रहेको बताउनुभयो र बैंकलाई धन्यवाद ज्ञापन गर्नुभयो । उहाँले बैंकमा जेष्ठ नागरिककालाई छुट्टै Counter सुचारु गर्नुपर्ने, वार्षिक प्रतिवेदनमा शेयरधनीहरुको शेयर स्वामित्वको प्रारुप झल्कने गरी विवरण दिनुपर्ने र वार्षिक साधारण सभामा उत्कृष्ट कर्मचारी घोषणा गरी पुरस्कृत समेत गर्नुपर्ने सुझाव दिनुभयो । उहाँका अनुसार बैंकको लगानी भनेको पानी, खानी र जवानीमा हुनुपर्ने अर्थात जल विद्युतमा लगानी, खनिज जन्य पदार्थको उत्खननमा लगानी र

वैदेशिक रोजगारीमा गएका युवाहरुका लागी स्वदेशमै रोजगारीमुलक उद्योगको सिर्जना गर्नुपर्ने बताउनुभयो । उहाँले बैंकका अध्यक्षज्यूले बैंकको Vision 2020 को Road Map बनाउनु पर्नेमा विशेष जोड दिनुभयो । नाकाबन्दी पश्चात् क्यास र ग्यास को अभाव हुँदा पनि बैंकले राम्रो प्रतिफल दिएकोमा धन्यवाद ज्ञापन गर्नुभयो ।

### ६. श्री राजु श्रेष्ठ

Speaker Mr. Raju Shrestha expressed his thoughts in English with the permission of the Chariman of the Annual General Meeting. He congratulated the staff and management for the handsome dividend on the investments despite the unfavourable market conditions and challenges. He also congratulated the bank for being decorated with the prestigious "Best Presented Annual Report Award" and "Asia Banking, Financial Service & Insurance Excellence Award". He expressed his dissatisfaction towards the delay in resolving the problem of Grand Apartments and hoped that the bank will support him to resolve his problem in a timely manner. He provided his request in written form for the purpose of minuting and concluded his speech.

### ७. श्री डमरु बल्लभ घिमिरे

श्री घिमिरेले बैंकले पछिल्लो समयमा गरेको प्रगती र मारेको फड्को को लागि धन्यवाद दिदै बैंकले विभिन्न कम्पनीहरुलाई मर्जरमा ल्याएको पहिलो वर्षमा नै वोनश शेयर दिन सफल भएकोमा वदाई ज्ञापन गर्नुभयो । सधैं एक नम्बरमा साधारण सभा गर्ने संस्थाले यस बर्ष २ नम्बरमा साधारण सभा गरेतापनी आगामी वर्षमा एक नम्बरमै गर्ने अपेक्षा राख्नुभयो । आ.व २०७२/७३ को मुनाफाबाट र हकप्रद शेयरबाट प्रिमियर फिनान्सका शेयरधनीहरु वञ्चीत भएकोमा खेद प्रकट गर्नुभयो । प्राप्ति गरिएको प्रिमियर फिनान्सको कुपन्डोल स्थित ठूलो भवनलाई प्रयोगमा ल्याई लाभ लिन सकिने कुरा औंल्याउनु भयो । सिटिजन्स् बैंकले हकप्रद शेयर वितरण गर्दा खण्डीकृत शेयरलाई १ अंक गणना गरेकोमा अत्यन्त खुसी प्रकट गर्नुभयो ।

### ८. श्री राजेश शाक्य

श्री शाक्यले आफ्नो मन्तव्य व्यक्त गर्दै बैंक उदयीमान बैंकको रुपमा सञ्चालित भई रहको, नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम चुक्ता पुँजी तोकिएको समय भित्र नै पुऱ्याउन सक्ने संकेत देखिएको, NFRS अनुरुपको वित्तिय विवरण प्रकाशन गर्न सक्षम भएको, People First को धारणा रहेकोमा खुशी व्यक्त गर्दै संघीय संरचना अनुरुप बैंकको मुकाम कहाँ हुँने भन्ने कुरा व्यवस्थापनले विचार गर्न सुझाव दिनुभयो । बैंकले प्रस्तुत गरेका आर्थिक परिसूचकहरु सकारात्मक रहेको, आउँदा दिनहरुमा पनि बैकले शेयरधनीहरुको मनोवल बढाउने छ भन्नेमा आफु विश्वस्त रहेको विचार प्रकट गर्नु भयो । कर्मचारी सन्तुष्ट भएमा मात्र ग्राहक सन्तुष्ट हुने र यसैबाट संस्थाको प्रगतिमा समेत बल प्रदान गर्ने हुँदा जनशक्तिको विकास र उत्पेरणाको लागि आवश्यक कदम चाल्न व्यवस्थापनलाई अनुरोध गर्नु भयो । अन्तमा संचालक र प्रमुख कार्यकारी अधिकृतको कार्यकालको सम्बन्धमा हाल संसदमा विचराधिन तथा छलफलमा रहेको बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनमा हुने व्यवस्था अनुरुप नै निजहरुको कार्यकाल तोक्ने व्यवस्था नै उपयुक्त हुने विचार व्यक्त गर्दै बैंक व्यवस्थापन लगायत सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो ।

### ९. श्री कृष्ण काश्यप

बैंकले १५.१६ प्रतिशत प्रतिफल दिएकोमा धन्यवाद ज्ञापन दिदै बैंकमा विद्यमान ३६ प्रतिशत महिला कर्मचारीहरु बाट बढाएर ५० प्रतिशत पुऱ्याउनु पर्ने कुरा गर्नुभयो । आधुनिक सुरक्षाको व्यवस्था मिलाउनुको साथै सुरक्षाको

दृष्टिकोणले EMV card ल्याउने योजना राम्रो रहेको वताउनुभयो । साधारण सभामा प्रस्तुत गरिने प्रस्तावहरु सरल नेपाली भाषामा प्रस्तुत गरिनु पर्ने र बैंकले अगामी वर्षमा ३० प्रतिशत वोनस शेयर प्रदान गरोस् भन्ने इच्छा व्यक्त गर्नुभयो । बैंकले शेयरधनीहरु सँग अन्तरकृया कार्यक्रम गर्नुका सथै वृद्ध शेयरधनीहरुलाई सम्मानजनक कार्यक्रमहरु आयोजना गर्नुपर्ने अनुरोध गर्नुभयो । अन्त्यमा उहाँले वडादशैं तथा शुभ दिपावलीको शुभकामना व्यक्त गर्नुभयो ।

**१०.श्री चन्द्र नारायण श्रेष्ठ**

नाँफामा बृद्धि, सम्पत्तिमा वृद्धि तथा सवै सूचकांकहरुको अवस्था सन्तोषजनक रहेकोले समग्रमा बैंकको आर्थिक अवस्था प्रगतितर्फ उन्मुख रहेको विचार व्यक्त गर्नुका साथै जलविद्युत क्षेत्रमा लगानी बढाउनु पर्ने, विप्रेषणबाट हुने आम्दानी बढाउने तर्फ कदम चाल्नु पर्ने, शेयर क्यापिटलमा संस्थापक शेयर तथा साधारण शेयर छुट्टाएर देखाउनु पर्ने, निक्षेप लागत कम गर्दै लैजानु पर्ने, बैंकको ग्राहक संख्या वार्षिक विवरणमा प्रकाशित गर्नु पर्ने, अंग्रेजी र नेपालीमा प्रकाशित वित्तीय विवरणमा एकरुपता कायम हुनु पर्ने, पुँजी तथा निक्षेप अनुपात नियमानुसार कायम गर्न सुझाव गर्नु भयो ।

**११.श्री उद्धव घिमिरे**

श्री घिमिरेले आफ्नो मन्तव्य व्यक्त गर्ने क्रममा बैंकले प्रस्तुत गरेको वित्तीय विवरणहरु उच्चकोटीको रहेको, NFRS लागु भएको, वासलातको Size बढेको, पुँजी आठ अरव पुऱ्याउने तर्फ बैंक उन्मुख भएकोमा खुशी व्यक्त गर्दै सञ्चालन खर्च घटाउन, निक्षेपको आकार बढाउन, जलविद्युत क्षेत्रका दीर्घकालिन आयोजनाहरुमा लगानी बढाउन सुझाव दिनु भयो । त्यसैगरी विदेशी मुद्राको निक्षेप बढाउन, बैंकलाई थप प्रतिस्पर्धि बनाउन तथा आगामी साधारण सभा अझ भव्य रुपमा मनाउन सुझाव दिनुभयो ।

**१२.श्री रोज कुमार श्रेष्ठ**

समग्रमा बैंकको सम्पूर्ण काम कारवाही प्रति सन्तुष्टि व्यक्त गर्दै बैक स्थापनाको दश वर्षको छोटो अवधिमै अरव कमाउने Club मा आफ्नो बैंक प्रवेश गरेकोमा खुशी व्यक्त गर्नु भयो । साथै, बैंकका दुई पाटाहरु नाँफा कमाउने तथा दायित्व पुरा गर्ने सम्बन्धमा समेत प्रकाश पार्नु भयो । डिम्याट खाता सञ्चालन तथा व्यवस्थापनमा सक्षमताको अभाव पाईएको भन्ने गुनासो व्यक्त गर्दै यसतर्फ बैंकले विशेष ध्यान दिनका लागि आग्रह गर्नु भयो । विनिमय अधिकार ऐन २०३४ अनुसार खाता डोर्मेन्ट गर्न नहुने विचार व्यक्त गर्नु भयो । यसरी खाता डोर्मेन्ट गर्ने पद्दतीका कारण Dormant खाताबाट रु २०००।- को चेकको भुक्तानी पाउन चेक साटने क्रममा रु ५००।- को टैक्सी खर्च समेत ब्यहोर्नु परेको गुनासो पोख्नु भएको थियो । यस प्रकारको मर्का एवं गुनासोहरुलाई कुन ठाँउमा गएर पेश गर्ने हो सो स्पष्ट हुनुपर्ने समेत माँग गर्नु भएको थियो ।

**१३.श्री महेन्द्र बहादुर श्रेष्ठ**

समकालीन स्थापित बैंकहरुमा यस बैंकले आफ्नो छवी उच्च राख्न सफल भएकोमा बधाई दिनुका साथै वित्तीय क्षेत्रमा प्रतिस्पर्धी भई आफ्ना ग्राहकहरुलाई संस्थागत सुशासन मार्फत छिटो छरितो सेवा उपलब्ध गराउँदा संस्थागत भविश्य दिगो हुदै जाने सम्बन्धमा प्रकाश पार्नु भयो । निक्षेपकर्तालाई प्रतिस्पर्धी ब्याजदर दिनु पर्ने, जलविद्युत तथा कृषि क्षेत्रको लगानीलाई बढावा दिनु पर्ने, देश संघियता तर्फ उन्मुख भैसकेको परिप्रेक्ष समेतलाई विचार गरी बैंकले पनि सोही बमाजिमका ढाँचा बनाउने तर्फ सोच्नु पर्ने, मर्चेन्ट बैकिङ्गका लागि बैंकले आफ्नै सक्रियतामा सिविआईएल क्यापिटल लिमिटेड स्थापना गरिसकेकोले सोलाई प्रभावकारी रुपमा सञ्चालन गर्न जोड दिने, बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतको खर्चका माध्यमबाट जनतासंग सिधा सम्पर्क स्थापित गर्न मद्दत गर्ने गरेकोले यसलाई निरन्तरता दिनुपर्ने, साधारण सभालाई आगामी दिनहरुमा अझै व्यवस्थित र भव्यताका साथ सम्पन्न गर्न समेत आग्रह गर्नु भयो ।

**१४.श्री रामगोपाल महर्जन**

श्री महर्जनले आफ्नो मन्तव्यमा संस्थाहरु एक आपसमा मर्जर/प्राप्ती हुँदा सामान्यतया शेयरधनीले प्रतिफल पाउन नसक्ने देखिएको अवस्था हुँदाहुदै पनि यस बैकले नियमित रुपमै लाभांश वितरण गरेकोमा खुशी व्यक्त गर्नु को साथै व्यवस्थापनलाई धन्यवाद दिनु भयो । आगामी दिनमा बैंकले हकप्रद शेयर भन्दा पनि बोनस शेयरनै दिने गरेमा राम्रो हुनुको साथै अशुल गर्न बाँकी ब्याज अशुल गर्ने तर्फ सक्रिय हुन समेत अनुरोध गर्नु भयो । गैरबैंकिङ्ग सम्पत्तिको ठुलो हिस्सा हाउजिङ्ग रहेकोले सोलाई घटाउने, विज्ञापन खर्च, सुरक्षा खर्च जस्ता खर्चहरु कम गर्दै लैजाने तर्फ कदम चाल्न अनुरोध गर्नु भयो । बैंकका कर्मचारीहरुलाई तालिम आदिको समुचित प्रवन्ध गरिरहेकोमा सह्रना गर्दै यसवाट कर्मचारीको कार्यक्षमता अभिबृद्धिका साथै उत्पादकत्व समेत बढाउदै लैजानुपर्ने तर्फ बैंकले ध्यान दिन आग्रह समेत गर्नु भयो ।

**१५ श्री इन्द्रकृष्ण श्रेष्ठ**

अन्तीम वक्ता श्री श्रेष्ठले बैंकले आफ्नो सहायक कम्पनीको रुपमा सिविआईएल क्यापिटल लि.को स्थापन गरेर छोटो अवधिमा नै मुनाँफा कमाउन सफल भएकोमा बैंकको सह्रना गर्नु भयो । हकप्रद शेयर जारी गर्दा सम्भव भएसम्म सवै शेयरधनीहरुलाई सूचना समयमै पाउने उचित प्रवन्ध मिलाउन अनुरोध गर्दै त्यस्तो हकप्रद शेयर जारी गर्दा लिलामीको प्रकृया अवलम्बन गरी आउने प्रिमियमलाई आम्दानीको श्रोत नबनाउन आग्रह गर्नु भयो । असुल उपर गर्नबाँकी रकमहरु असुल उपर गर्न र वितरण हुन नसकेको लाभांशलाई यथासम्भव वितरण गरी बैंकको हिसाव राफसाफ गर्न अनुरोध गर्नु भयो । बैंकमा कार्यरत कर्मचारी सम्बन्धी विवरणहरु प्रकाशित गरी सवैलाई जानकारी गराएकोमा धन्यवाद ज्ञापन गर्नुभयो । प्रिमियर फिनान्स लि.का शेयरधनीहरुको शेयर सम्बन्धी समस्या समाधान गर्ने तर्फ ध्यानाकर्षण गराउनु भयो । बैंकको अन्य व्यवस्थाहरु प्रभावकारी रहेको र यसलाई आगामी दिनमा थप प्रभावकारी बनाउदै लैजान समेत आग्रह गर्नु भई व्यवस्थापनलाई धन्यवाद एवं बधाई ज्ञापन गर्नु भयो ।

**११. सभाका शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा र प्रश्नहरुको जवाफ :**

अध्यक्षज्यूले बैंकका शेयरधनीहरुबाट वार्षिक प्रतिवेदनका सम्बन्धमा दिनु भएका अमुल्य तथा गहन सुझावहरुका लागि शेयरधनी महानुभावहरुलाई धन्यवाद दिदै बैंकको Vision, Mission र Annual Plan हरु बनिसकेको र सबै नियमनकारी निकायका निर्देशनहरु पालना गर्दै बैंकको समग्र विकासमा सक्रिय रही तिब्रतापूर्वक अगाडि बढ्दै जाने र पछि नफर्कने प्रतिज्ञा गर्नु भयो । शेयरधनी महानुभावहरुले दिनुभएको सुझावहरु सर्व स्वीकार्य भएको र आगामी दिनहरुमा ती सुझाव बमोजिम आवश्यक सुधार एवम् कार्यान्वियन गर्दै बैंकलाई निरन्तर प्रगतिउन्मुख बनाउदै जाने प्रतिबद्धता जाहेर गर्नु भयो ।
प्रमुख कार्यकारी अधिकृतज्यूले शेयरधनी महानुभावहरुले राख्नुभएको बोनश शेयरको प्रतिशत सम्बन्धी जिज्ञासा स्पष्ट पार्ने क्रममा मुख्यत: बैंकले बाडने बोनस ७५ करोड ६ लाख र कर प्रयोजनको लागि नगद लाभांश ३ करोड ९५ लाख छुट्टयाएको छ, जुन २०७३ आषाढ मसान्तको चुक्ता पुँजीको क्रमश: २४.४९ प्रतिशत र १.२९ प्रतिशत गरी कुल २५.७८ प्रतिशत हुन आउँछ । विगत आर्थिक वर्षहरुमा आषाढ मसान्तको शेयर पुँजी र साधारण सभा गर्ने प्रयोजनको लागि Book Close गर्दा कायम रहेको शेयर पुँजी बरावर भई रहँदा प्रस्तावित लाभांशको प्रतिशतमा दुविधा हुदैन थियो, तर यस पटक विशेष कारणवश हामीले हकप्रद शेयर निष्काशन गर्दा अर्को आर्थिक वर्षमा पर्ने गरी श्रावण महिनामा निश्कासन गर्नु पऱ्यो र फेरी बिक्री हुन नसकेको शेयरहरु लिलामीको प्रकृयाबाट समेत विक्री गरेर ल्याउनु पर्ने भयो । सिटिजन्स बैंकले प्रत्येक त्रयमासमा प्रकाशित गर्ने आफ्नो वित्तीय विवरणको आधारमा लगानीकर्ताहरुले पछि आउने शेयरको अनुमान गरी त्यसका आधारमा आफ्नो शेयर लगानी सम्बन्धी निर्णय गर्ने हुनाले बैंकको सञ्चालक समितिले वित्तीय बजारको यस्तो स्थितिलाई समेत विचार गरी सवै लगानीकर्ताहरु हकप्रद शेयर खरीद गर्ने र लिलामको माध्यमबाट हकप्रद शेयरमा लगानी गर्ने कसैलाई पनि अन्याय नपरोस र सवैको हक सुनिश्चित होस भनेर साधारण सभा हुने प्रयोजनको लागि Book Close हुँदाका बखत कायम रहेको शेयरधनीहरु सवैलाई समेत लाभांश वितरण गर्ने निर्णय गरेको हुँदा Book Close गर्दा कायम रहेको

शेयर पुँजी (रु ४ अरव ७५ करोड ११ लाख १२ हजार) हिसाव गर्दा नगद र बोनस शेयरको प्रतिशत १६.६३ नै हुने भनि सभालाई स्पष्ट जानकारी गराउनु भयो । त्यसै गरी उहाँले बैंक आफ्नो उच्चस्तरको ग्राहक सेवाको परम्परा कायम राख्ने, उच्च प्रतिफलका लागि सदैव प्रयासरत रहने, सामाजिक उत्तरदायित्व बोधका साथ कार्यक्रमहरु गर्दै जाने, संस्थागत सुशाशनलाई थप प्रभावकारी बनाउने, सम्पत्तिको गुणस्तर कायम गर्ने तथा बोनश शेयरलाई बढाउने तर्फ निरन्तर प्रयासरत रहदै अघि बढ्ने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो ।

**१२. दशौं साधारण सभाको निर्णयहरु :**

**(क) साधारण प्रस्तावहरु**

**१. सभापतिज्यू को मन्तव्य तथा आ.व. २०७२/७३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित/स्वीकृत गर्ने ।**

सभामा प्रस्तुत आ.व. २०७२/७३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभापतिज्यूले स्वीकृतिको लागि सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गरियो ।

**२. लेखापरीक्षकको प्रतिवेदनसहित २०७३ आषाढ मसान्तको वासलात र मिति २०७२/०४/०१ देखि २०७३/०३/३१ सम्मको नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरि पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको २०७३ आषाढ मसान्तको वासलात र मिति २०७२/०४/०१ देखि २०७३/०३/३१ सम्मको नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु स्वीकृत गरियोस् भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लेखित सम्पूर्ण वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

**३. बैंकको सहायक कम्पनी सिविआईएल क्यापिटल लिमिटेडको आर्थिक वर्ष २०७२/७३ वित्तीय विवरणहरु स्वीकृत गर्ने ।**

यस बैंकको सहायक कम्पनी सिविआईएल क्यापिटल लि. को आर्थिक वर्ष २०७२/७३ को वित्तीय विवरण सहितको एकीकृत (Connsolidated) वित्तीय विवरण पारित गर्ने निर्णय गरियो ।

**४. संचालक समितिबाट प्रस्ताव गरे अनुसार कर तिर्ने प्रयोजनको लागि रु. ३,९५,०९,२५१।- नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।**

सभामा प्रस्तुत सञ्चालक समितिवाट कर तिर्ने प्रयोजनको लागि रु.३,९५,०९,२५१।- नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरियोस भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

**५. बैंकको आर्थिक वर्ष २०७३/७४ का हरहिसाबहरू लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।**

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७३/७४ को हरहिसाबहरू लेखापरीक्षण गर्न को निमित्त लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले लेखापरीक्षण समितिले

सिफारीस गरे बमोजिम बैंकको लेखापरीक्षकमा श्री JK & SS Associates चार्टड एकाउन्टेन्सलाई नियुक्त गर्ने र निजको पारिश्रमिकको हकमा लेखापरीक्षण शुल्क, कर लेखापरीक्षण शुल्क, लङ्फर्म अडिट रिपोर्ट तयार गरेवापतको शुल्क र कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिम प्रतिवेदन समेत तयार गरे बापत मूल्य अभिबृद्धि कर बाहेक रु.१०,५०,०००।- (अक्षरेपी रु दशलाख पचास हजार मात्र ) पारिश्रमिक निर्धारण गर्ने निर्णय सर्वसम्मतिले स्वीकृत गरियो ।

६. **बैंकको नियमावली अनुसार समूह "क" का संस्थापक शेयरधनीहरुको तर्फवाट ३ वर्षको कार्यकालको लागि संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद एकको निर्वाचन गर्ने ।**

बैंकको नियमावली अनुसार समूह "क" का संस्थापक शेयरधनीहरुको तर्फवाट ३ वर्षको कार्यकालको लागि संचालक समितिमा प्रतिनिधित्व गर्न संचालक पद एकको लागी श्री मनोहर दास मूल निर्विरोध निर्वाचित हुनु भएकाले उक्त निर्वाचनको परिणामलाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

**(ख). विषेश प्रस्तावहरु**

१. संचालक समितिबाट प्रस्ताव गरे अनुसार रु.७५,०६,७५,७६२।- बरावरको वोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने तथा वोनस शेयर वितरण पछि नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम पूंजी वृद्धि गर्नको लागी शेयरधनीहरुको नाममा कायम रहेको साधारण शेयर संख्याको १०:२.५ को अनुपातमा हकप्रद शेयर जारी गर्ने र सो कार्य गर्नको लागी आवश्यक पर्ने सम्पूर्ण काम कारवाही गर्नको लागी संचालक समितिलाई अख्तियार प्रदान गर्ने । यसरी १०:२.५ को अनुपातवाट हकप्रद आधार हिसाव गर्दा खण्डीकृत भएमा त्यसलाई १ अंक मानि हकप्रद शेयर संख्या गणना गर्ने निर्णय गरियो ।

२. बैंकको नवौं बार्षिक साधारण सभावाट विद्यमान शेयरधनीहरुलाई २० प्रतिशत वोनस वितरण गर्ने तथा प्रिमियर फिनान्स लि.लाई प्राप्ती पश्चात कायम हुने चुक्ता पूंजीमा नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम पूंजी वृद्धि गर्नको लागी शेयरधनीको नाममा कायम रहेको साधारण शेयर संख्या १०:५.५ को अनुपातमा हकप्रद शेयर जारी गर्ने निर्णय भएकोमा २०७३ साल बैंशाखको अन्तसम्ममा पनि नेपाल राष्ट्र बैंकवाट अन्तिम स्वीकृति प्राप्त भई नसकेको परिस्थितिमा बैंकको पूंजी योजना वमोजिम पूंजी बृद्धि गर्नको लागी वाध्यात्मक अवस्था परेकोमा बैंकको शेयरधनीहरुलाई १०:५.५ को अनुपातमा हकप्रद शेयर जारी गर्ने र प्रिमियर फिनान्स लिमिटेडका शेयरधनीको हकमा नेपाल राष्ट्र बैंकवाट स्वीकृति प्राप्त हुँदाका बखत कुनै निर्देशन प्राप्त भएमा सो बमोजिम गर्ने भनी यस बैंकको शेयरधनीहरुलाई २० प्रतिशत वोनस वितरण पश्चात कायम भएको शेयर पूंजी रु. ३,०६,५२,३३,८००।- मा १०:५.५ को अनुपातमा हकप्रद शेयर जारी गर्ने गरी नेपाल धितोपत्र वोर्डवाट स्वीकृतिको लागि लेखि पठाउन संचालक समितिवाट निर्णय गरिएकोमा उक्त निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

३. बैकको प्रबन्धपत्र तथा नियमावलीमा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

(क) बैकको उद्देश्य प्राप्त गर्न गरिने कामहरु थप गर्ने सम्वन्धमा प्रबन्ध-पत्रको दफा ४ को (कङ) मा निम्न काम थप गर्ने निर्णय गरियो ।

**(कङ)** निर्जीवन वीमा कम्पनीको कर्पोरेट एजेन्सी (अभिकर्ता) भई कार्य गर्ने ।

(ख) बैंकको जारी तथा चुक्ता पुंजी वृद्धि गर्ने सम्वन्धमा प्रबन्ध-पत्रको दफा ५ को (ख) र (ग) मा भएको व्यवस्थाको सट्टा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

**(ख)** बैंकको जारी पूँजी रु. ८,०२,९१,६०,२००।- (अक्षेरुपी रु. आठ अरब दुई करोड एकानव्वे लाख साठ्ठी हजार दुई सय मात्र) हुनेछ । सो पूँजीलाई रु.१००।- का दरले ८,०२,९१,६०२ (आठ करोड दुई लाख एकानव्वे हजार छ सय दुई थान) साधारण शेयरमा विभाजित गरिएको छ । बैंकले तत्काल जारी गर्ने शेयर पूँजी न्यूनतम रु.८,०२,९१,६०,२००।- (अक्षेरुपी रु. आठ अरब दुई करोड एकानव्वे लाख साठ्ठी हजार दुई सय मात्र) हुनेछ ।

**(ग)** बैंकको तत्काल चुक्ता पूँजी रु. ८,०२,९१,६०,२००।- (अक्षेरुपी रु. आठ अरब दुई करोड एकानव्वे लाख साठ्ठी हजार दुई सय मात्र) हुनेछ ।

(ग) शेयर खरिद वा हस्तान्तरण गर्ने वन्देज सम्वन्धमा प्रबन्ध-पत्रको दफा ७ को (झ) मा भएको व्यवस्थाको सट्टा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

**(झ)** बैंकले हकप्रद शेयर जारी गर्दा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०६३ को दफा ७ (१) वमोजिम सर्वसाधारणलाई विक्री वितरण गरिएको शेयर शेयरधारण गर्ने कुनै शेयरधनीले खरिद नगरेमा वा शेयर खरिद गर्ने हक अरुलाई विक्री वा हस्तान्तरण नगरेमा त्यसरी विक्री हुन नसकेको शेयरको अंश उपदफा (ट) मा उल्लेखित अवस्थामा बाहेक अन्य अवस्थामा स्वत: खारेज हुनेछ ।

(घ) संचालक समितिमा समूहगत प्रतिनिधित्वका सम्वन्धमा नियमावलीको नियम ८ को २ (ग) र (ग१) मा भएको व्यवस्थाको सट्टा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

**(ग)** सर्वसाधारण समूहका शेयरधनी समुह "ख" बाट निर्वाचित तीन जना ।
**(ग १)** खारेज गर्ने ।

(ङ) नियमावलीको नियम ८ को उपनियम ३ मा सञ्चालकहरुको कार्यकाल र नियम २० को उपनियम ४ मा कार्यकारी प्रमुखको कार्यकाल संसोधन गर्ने विषय उपर छलफल हुँदा हाल व्यवस्थापिका संसदमा विचाराधिन रहेको बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनमा संसोधन र एकीकरण गर्न बनेको विधेयक पारित भई उक्त ऐन लागु भएपछि सो ऐनमा भएको व्यवस्था बमोजिम हुने गरी सञ्चालक तथा कार्यकारी प्रमुखको कार्यकाल तोक्ने निर्णय गरियो ।

४. बैकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न अनुमति लिनुपर्ने निकायहरूबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघटलगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**(ग) विविध ।**

विविध अन्तर्गत छलफलका लागी अन्य विषय नभएकोले साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए वमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने र बुझाउनु पर्ने निकायहरुमा कम्पनी सचिवले प्रमाणित गरि प्रतिलिपि बुझाउने व्यहोरा सभालाई जानकारी गराईयो ।

### ७. धन्यवाद ज्ञापन तथा सभा विसर्जन

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै उहाँहरुबाट आवश्यक मार्ग निर्देशन प्राप्त हुनुको साथै प्रस्तुत प्रस्तावहरु पारित भएकोमा खुसी प्रकट गर्नुका साथै दशौं वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवम् सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा अन्य उपस्थित सबै महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै दिउँसो २.०० बजे सभा विसर्जन गर्नुभयो ।

| | | |
|---|---|---|
| गणेश राज पोखरेल<br>कम्पनी सचिव | CITIZENS BANK INTERNATIONAL LTD. Corporate Office | डा. शंकर प्रसाद शर्मा<br>अध्यक्ष |